Samaj Anweshan Vol. 3, No. 1 : 14 Apr.2025-17 Oct. 2025
DOI: https://doi.org/10.3126/anweshan.v3i1.81971
Research Article
ISSN: 3021-9035 Print

नयाँ मुगलान उपन्यासको समाजशास्त्र

मनमाया पोखेल
manmayapokharel@gmail.com

लेखसार

प्रस्तुत लेखमा हिपोलाइट एडल्फ तेनको प्रजाति, क्षण र परिवेशका आधारमा गोविन्दराज भट्टराईद्वारा लिखित नयाँ मुगलान उपन्यासको समाजशास्त्रीय अध्ययन गरिएको छ। व्याख्यात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको यो लेखमा उपन्यासमा प्रयुक्त प्रजाति, क्षण र परिवेशसँग सम्बद्ध सन्दर्भको खोजी गरेर तिनीहरूका आधारमा उपन्यासको समाजशास्त्रीय विश्लेषण गरिएकाले प्रस्तुत अध्ययन गुणात्मक प्रकृतिको रहेको छ। प्रस्तुत उपन्यासका मुख्य र सहायक पात्रहरूका वंशपरम्परा, तिनका संस्कारगत विशेषता, सांस्कृतिक गतिविधि आदिका आधारमा तिनीहरू विश्वमानव समुदायका आर्य जातिका नेपाली प्रजाति हुन्। नयाँ मुग्लान उपन्यासमा बीसौँ शताब्दीको अन्तिम क्षणलाई सङ्केत गर्दै स्वदेशमा रोजगारीको अवसर प्राप्त नहुँदा रोजगारीको खोजीमा युवाहरू युरोप, अमेरिका र इजरायल पुगेका, खाडी मुलुक गएका युवाको लास बाकसमा आउँदा परिवारमा छाएको निराशा तथा युक्रेन र रसियाको युद्ध प्रसङ्ग आदिले वर्तमान क्षणको युगीन सन्दर्भ देखाएको छ। यस उपन्यासले नेपाली समाजको अतीतको मुगलान परम्परा प्रस्तुत गर्दै नेपालीहरू विश्वग्रामीकरणले साँघुरो बनाएको विश्वका श्रमिक बनेको वर्तमान अवस्थामा नयाँ र फराकिलो मुगलाने परम्पराले ल्याएका सकारात्मक र नकारात्मक पक्ष प्रस्तुत गरेको छ । यसमा राज्यका जिम्मेवार व्यक्तिहरूसमेत ठगी धन्धामा लागेको तत्कालीन समसामयिक युगीन सन्दर्भसमेत प्रस्तुत गरिएको छ । यो लेखमा उपन्यासमा प्रयुक्त घटना, पात्र तथा परिवेशगत प्रस्तुतिले यस उपन्यासमा विश्व मानव समुदायका नेपाली प्रजातिहरूको बिसौँदेखि एक्काइसौँ शताब्दीका विभिन्न युगीन सन्दर्भ तथा परिवेश प्रतिबिम्बित भएको निष्कर्ष निकालिएको छ।

शब्दकुञ्जी

ग्लोबल, पदचिह्न, भूमण्डलीकरण, विश्वग्रामीकरण, समाजशास्त्रीय

विषय प्रवेश

गोविन्दराज भट्टराई नेपाली र अङ्ग्रेजी भाषामा कलम चलाउने स्रष्टा र सर्जक हुन्। उनी साहित्य, समालोचना र अनुवादजस्ता क्षेत्रमा विशेष चर्चित छन्। २०३१ सालमा मुग्लान उपन्यास लेखेर नेपालीमा आख्यान लेखनको थालनी गर्ने भट्टराईका मणिपुरको चिठी (२०३४), सुकरातका पाइला (२०६३), सुकरातको डायरी (२०६८) तथा नयाँ मुगलान (२०८१) नामक उपन्यासहरू प्रकाशित भएका छन् । उनले सामाजिक यथार्थवादी धारामा उपन्यास लेखन कार्यको थालनी गरेका भए तापनि मूलतः उनी उत्तर आधुनिकतावादी बहुलवादी उपन्यासकार हुन्। उनीद्वारा लिखित मुगलान सामाजिक यथार्थवादी धाराको उपन्यास हो। सुकरातका पाइलामा भने उत्तर आधुनिक बहुलवादी प्रवृत्तिको प्रयोग गरिएको छ। विधा मिश्रण तथा विधा भञ्जन गरी लेखिएको यस उपन्यासमा द्वन्द्व र युद्ध अभिघातको चित्रण गरिएको छ। सुकरातको डायरीमा यो प्रवृत्ति अझ सशक्त देखिन्छ। यो उपन्यास पनि बहुलवादी

चिन्तनमा आधारित उपन्यास हो । मुगलान उपन्यास प्रकाशित भएको लगभग आधा शताब्दीपछि प्रकाशित भएको नयाँ मुगलान उपन्यास देशको वर्तमान परिस्थिति, भूमण्डलीकरण तथा विश्वग्रामको अवधारणाले जन्माएको परिस्थितिको उपज हो। यसमा पचास वर्ष अघिका नेपाली प्रजातिको मुगलान जाने प्रवृत्ति आजको वर्तमान परिस्थितिमा पनि उस्तै रहेको यसको स्वरूप मात्र फेरिएको र भूगोल विस्तारित भएको कुरा उल्लेख गरिएको छ। अतः यस उपन्यासमा लेखक बाँचेको युगको प्रजाति, क्षण र परिवेशको प्रस्तुति पाइन्छ।

प्रजाति, क्षण र परिवेशसम्बन्धी अवधारणा हिप्पोलाइट एडल्फ तेनको समाजशास्त्रीय अवधारणा हो। उनले हिस्ट्री अफ इङ्लिस लिट्रेचर (सन् १८६४) नामक पुस्तकमा यससम्बन्धी अवधारणा प्रस्तुत गरेका छन् । कुनै पनि कृतिमा त्यो कृति रचना गर्दा स्रष्टा स्वयम्ले भोगेको युग, परिवेश र लेखकको जातीय छाप परेको हुन्छ भन्ने अवधारणा नै तेनको प्रजाति, क्षण र परिवेशसम्बन्धी मान्यता हो । भट्टराईद्वारा लिखित नयाँ मुगलान उपन्यास ६०–७० वर्ष अघिको मुगलान संस्कृतिको पृष्ठभूमिमा लेखिएको वर्तमान समयमा राज्यको निराशाजनक परिस्थितिका कारण गाँस, बास र कपासको खोजीमा देशको युवाशक्ति विदेश जाने र त्यतै पलायन हुने कारणले रित्तिँदै गएको नेपाली समाजको यथार्थ चित्रणमा आधारित उपन्यास हो। यसले अतीतको मुगलाने परम्पराको निरन्तरतामा वर्तमानमा मुगलानको स्वरूप परिवर्तन हुँदै यसको भूगोल व्यापक भएको तथ्य प्रस्तुत गरेको छ। यो विश्वमानवले भोगेको परिवेश हो र यसले नेपाली जनजीवनमा चिन्ताजन्य परिस्थिति निर्माण गरेको छ। यो लेखमा तेनको प्रजाति, क्षण र पर्यावरणसम्बन्धी समाजशास्त्रीय मान्यताका आधारमा नयाँ मुगलान उपन्यासको विश्लेषण गरिएको छ।

अध्ययनविधि

प्रस्तुत अध्ययनमा प्राथमिक र द्वितीय दुवै स्रोतका सामग्रीहरू प्रयोग गरिएका छन्। यस क्रममा गोविन्दराज भट्टराईद्वारा लिखित नयाँ मुगलान उपन्यासलाई प्राथमिक स्रोत सामग्रीका रूपमा लिइएको छ। उपन्यासमा प्रयुक्त प्रजाति, क्षण र परिवेशको अध्ययन गर्न प्रयोग गरिएका सैद्धान्तिक तथा प्रयोगात्मक कृतिहरू, अनुसन्धानात्मक लेख, शोधप्रबन्ध, सोसँग सम्बन्धित विभिन्न पत्रपत्रिका र विद्युतीय सामग्री द्वितीय स्रोतका सामग्रीका रूपमा लिइएको छ। उक्त सामग्रीहरू पुस्तकालयबाट सङ्कलन गरिएका छन्। प्रस्तुत अध्ययनमा गोविन्दराज भट्टराईद्वारा लिखित नयाँ मुगलान उपन्यासभित्रका अन्तर्पाठमा प्रस्तुत भएका उद्धरणगत पङ्क्तिहरूलाई साक्ष्यका रूपमा लिएर तिनमा प्रयुक्त प्रजाति, क्षण र परिवेशको अध्ययन गरिएको छ । व्याख्यात्मक तथा विश्लेषणात्मक विधि उपयोग गरेर प्राप्त सामग्रीको विश्लेषण गरिएको प्रस्तुत अध्ययन साहित्यिक अध्ययन भएकाले यो गुणात्मक प्रकृतिको रहेको छ। यसमा तेनको प्रजाति, क्षण र परिवेशसँग सम्बन्धित मान्यतालाई आधार मानेर कृतिको समाजशास्त्रीय विश्लेषण गरिएकाले निगमनात्मक विधि प्रयोग गरिएको छ।

सैद्धान्तिक पर्याधार

प्रजाति, क्षण र परिवेशसम्बन्धी अवधारणा हिप्पोलाइट अडल्फ तेन (सन्१८२८–१८९३) द्वारा प्रतिपादित साहित्यको समाजशास्त्रीय अवधारणा हो। यो अवधारणा हिस्ट्री अफ इङ्लिस लिट्रेचर नामक गन्थमा प्रस्तुत गरिएको छ। तेनले साहित्यलाई व्यक्तिविशेषको कल्पनाको खेल नमानेर यसलाई सामाजिक वातावरणको उत्पादनका रूपमा लिएका छन्। उनका अनुसार साहित्य भनेको व्यक्तिको उत्तेजनाको खेल नभएर समकालीन व्यवहार र निश्चित किसिमको मानसिकताको प्रतिबिम्बन हो (तेन, १८८६, पृ. १०–१४)। साहित्यमा प्रयुक्त समाजको अध्ययन गर्ने अनेकौँ पद्धतिमध्ये तेनको प्रजाति, क्षण र परिवेश पनि एउटा प्रक्रिया हो । साहित्यको समाजसास्त्रीय अध्ययनमा तेनले प्रजातिलाई सर्वाधिक महत्त्व दिएका छन् । उनका अनुसार प्रजाति आनुवंशिक गुण हो र यसले मानिसलाई संरचना र स्वभावमा अर्को जातिभन्दा भिन्न देखाउँदछ (गडतौला, २०७४, पृ. ३२)। मानव समाजमा अनेकौँ प्रजातिहरू हुन्छन्। लेखक पनि तिनै प्रजातिमध्येको एक हो । लेखकले समकालीन

समाजका प्रजाति र उनीहरूको व्यवहार तथा स्वभावबाट प्रभावित भएर साहित्यको सृजना गरेको हुन्छ । त्यसैले साहित्यमा प्रजातिगत पदचिह्नको प्रभाव परेको हुन्छ (तेन, सन्१८८६, पृ.१०–१४)। संसारका हरेक प्रजातिका आफ्नै ऐतिहासिक परम्परा तथा कलागत मूल्यमान्यता र आदर्श हुन्छन्। यस्ता विशेषताहरू त्यो प्रजातिका जीवनमा अविभाज्य रूपमा अन्तर्मिश्रित भएका हुन्छन्। तेनले प्रजातिको चर्चा गर्ने क्रममा तिनका व्यक्तिगत तथा शारीरिक संरचनाको पनि चर्चा गरेका छन्। उनले प्रजातिलाई वंशाणुगत गुण, शारीरिक बनावट, जातजातिको प्रतिभा, विशेषता, स्वभाव र मानसिकताका रूपमा परिभाषित गरेका छन्। शारीरिक संरचनाले मानिसको आकार, प्रकार, मोटाइ र उचाइलाई बुझाउँछ। तेनका अनुसार मान्छे विश्वभरि जुनसुकै स्थानमा छरिएर रहे तापनि उसको जातिगत विशेषता कायम रहेको हुन्छ (पाण्डेय, सन् २००६, पृ. १२४) । उनका विचारमा साहित्यमा कुनै पनि प्रजातिको इतिहासमा घटित महान् घटनाको सौन्दर्यानुभूति प्रकट हुनका साथै प्रजातिगत आचरणअनुरूप सौन्दर्यको आदर्श प्रस्तुत भएको हुन्छ । त्यसैले साहित्यिक कृतिमा युगीन प्रजातीय छाप परेको हुन्छ। लेखकले कृतिमा आफ्नो प्रजातिगत गुणहरू अभिव्यक्त गरेको हुन्छ (श्रेष्ठ, २०७२, पृ.७४)। साहित्य चिन्तनको प्रमुख लक्ष्य समाजका मानव जाति वा प्रजातिका बारेमा जान्नु हो भन्ने विचारबाट प्रभावित तेनको साहित्यिक विश्लेषणको प्रमुख र पहिलो आधार प्रजाति हो । उनले यो अवधारणा डार्विनको विकासवादबाट ग्रहण गरेका हुन्। यसरी हेर्दा साहित्यिक कृतिको अध्ययन गर्नु भनेको प्रजातिको अध्ययन गर्नु हो ।

तेनको साहित्यिक विश्लेषणको अर्को महत्त्वपूर्ण आधार क्षण हो। यसलाई उनले विगत र वर्तमान परम्पराको गति भनेका छन् । उनका अनुसार कुनै एक युगमा एक विचारको प्रधानता रहेको हुन्छ र त्यसको एक किसिमको बौद्धिक ढाँचा हुन्छ। त्यसले सिङ्गो समाजको चिन्तनलाई संवहन गरेको हुन्छ । कुनै निश्चित समयको सामाजिक परिस्थिति तथा घटनाले साहित्यकारको चेतना प्रभावित भएको हुन्छ; त्यसलाई साहित्यकारले आफ्ना कृतिमार्फत व्यक्त गर्छ (जैन, सन्१९९२, पृ. २४)। त्यसैले साहित्यको अध्ययनबाट त्यसको रचनाकाल, त्यस समयका मान्छेको मानसिकता, विचार र जीवन अवस्थाको बोध हुन्छ। अतः साहित्यले कुनै खास युग वा समयको प्रतिबिम्बन गरेको हुन्छ । यसका साथै कृतिमा रचनाकार र रचनामा वर्णित जातिको मनोविज्ञानसमेत अभिव्यक्ति भएको हुन्छ। तेनका अनुसार साहित्यको अध्ययनबाट त्यसले अभिव्यक्त गरेको युग तथा त्यस समयका मान्छेको अवस्थाबारे बोध हुन्छ (क्षेत्री, २०६४, पृ. २३)। त्यसैले साहित्यिक कृति ऐतिहासिक दस्तावेज पनि हो । तेनका अनुसार महान् रचनाहरूको समुचित वर्णनबाट समाजका बारेमा जेजति जानकारी पाइन्छ; त्यति जानकारी थुप्रै इतिहासका किताबबाट समेत पाउन सकिँदैन (तेन, १८८६, पृ. १०–१४) । यसरी उनले महान् र उच्च स्तरीय साहित्यिक कृति इतिहासभन्दा पनि महत्त्वपूर्ण हुने विचार व्यक्त गरेका छन् । उनले हरेक महान् साहित्यकारले आफ्ना कृतिमा आफू बाँचेको युगीन सन्दर्भलाई प्रतिबिम्बित गरेको हुन्छ भन्ने विचार स्पष्ट पार्न भिन्न युगका साहित्यिक रचनाको तुलना गरेर एउटा युगमा एउटा विचार प्रदान रहने धारणा राख्दै साहित्यको समाजशास्त्रीय अध्ययनमा क्षणको महत्त्व बोध गराएका छन् ।

परिवेश तेनको साहित्यको समाजशास्त्रीय अध्ययनको अर्को महत्त्वपूर्ण आधार हो । उनका अनुसार साहित्यकार जुन युगमा बाँचेको हुन्छ; त्यसका आफ्नै सामाजिक समस्या, सांस्कृतिक मान्यता र विश्वास हुन्छन् । तिनै समस्या, विश्वास तथा मान्यतालाई परिवेश भनेर चिनिन्छ (पोखेल, २०७६, पृ. ६९) । हरेक साहित्यकार जन्मने बित्तिकैदेखि आफ्ना वरपरको परिवेशबाट प्रभावित भएको हुन्छ। तिनै प्रभावहरूको परिचालनबाट उसले साहित्यिक कृतिको रचना गर्ने हुँदा उसका कृतिमा त्यस्ता प्रभावहरू सक्रिय रूपमा अभिव्यक्त हुन्छन्। त्यसैले साहित्यमा कुनै एउटा विशेष समय, क्षण वा युगको स्वर प्रतिबिम्बित हुने हुँदा साहित्यिक कृतिमा पर्यावरणको प्रभाव रहन्छ । तेनका अनुसार कुनै निश्चित समयको सामाजिक घटना र परिवेशले साहित्यकारको चेतनालाई विशेष प्रभावित पारेको हुन्छ।

त्यसैलाई उसले आफ्ना कृतिका माध्यमबाट व्यक्त गरेको हुन्छ (तेन, १८८६, पृ. १०–१४) । तेनको साहित्यको समाजशास्त्रीय अध्ययन कार्यकारण सम्बन्धमा आधारित छ। उनका अनुसार दुनियाँमा मान्छे एक्लो हुँदैन, उसको चारैतिर प्रकृति र समाज हुन्छ। मानिस उसको प्राकृतिक प्रवृत्ति र प्रजातिगत गुण, भौतिक र सामाजिक परिस्थिति र घटनाबाट प्रभावित हुन्छ । तेनले कुनै पनि कृतिका चरित्रमा प्राकृतिक तथा सामाजिक परिवेशको प्रभाव पर्ने हुँदा परिवेशका पृष्ठभूमिमा पात्रको चरित्र विश्लेषण गर्न सकिने कुरा बताएका छन् (पाण्डे, २०८१, पृ. १११) । यसरी हेर्दा साहित्यको समाजशास्त्रीय अध्ययनमा प्रजाति र क्षणको जत्तिकै परिवेशको पनि महत्त्वपूर्ण भूमिका हुन्छ। यस लेखमा तेनका यिनै प्रजाति, क्षण र परिवेशसम्बन्धी मान्यतामा आधारित भएर भट्टराईद्वारा लिखित नयाँ मुगलान उपन्यासको समाजशास्त्रीय अध्ययन गरिएको छ।

प्रजातिका आधारमा नयाँ मुगलान उपन्यासको विश्लेषण

साहित्य मानव जातिको जीवन भोगाइको प्रतिबिम्बन भएकाले यो समाजमा अस्तित्वमा रहेका विभिन्न जातिका युगीन गतिविधिबाट प्रभावित हुन्छ । साहित्यको सृजना स्रष्टा बाँचेको समकालीन समाजका जाति तथा तिनका व्यवहारबाट प्रभावित भएर गरिएको हुन्छ। अतः साहित्यमा प्रजातिगत प्रभाव स्वभाविक रूपमा आएको हुन्छ। यसका आधारमा नयाँ मुगलान उपन्यासको अध्ययन गर्दा यसमा विश्वग्रामीकरणका कारण विश्वजगत्का स्थानिक र कालिक दुरीगत सीमाहरू मेटिएर विश्व एकै स्थानमा खुम्चिएर मानवीय सुखदुःख साझा भएको युगीन यथार्थ प्रस्तुत गरिएको छ । प्रस्तुत उपन्यास मानिसहरू गाँस, बास र कपास तथा सुविधाका खोजीमा विश्वका विविध भागमा पुग्ने, त्यहीका भौतिक सुखसुविधामा रमेर तथा वाध्यता र विवशतामा च्यापिएर मातृभूमि बिर्सने हुँदा विश्वका तेस्रो मुलुक युवाशक्तिविहीन बनेको सामाजिक यथार्थ प्रस्तुत गरेर लेखिएको उपन्यास हो। यसले वर्तमान युगको युगीन सामाजिक यथार्थ प्रस्तुत गरेको छ। कोपिला र अशेषको जीवनवृत्तमा आधारित यो उपन्यासमा कथावस्तुलाई गतिशील बनाउन विभिन्न पात्र आएका छन्। तर प्रस्तुत उपन्यासका मूल पात्र कोपिला र अशेष हुन् । प्रजातिगत आधारमा यिनीहरू विश्व मानव समुदायका आर्य जातिका नेपाली प्रजाति हुन्। कुनै पनि रचनामा रचनाकारले स्पष्ट रूपमा जात उल्लेख गरेको भए त्यसका आधारमा र सो नभएमा पात्रको शारीरिक बनावट, वंशानुगत स्वभाव, भाषा तथा संस्कारलाई आधार मानेर प्रजातिको पहिचान गर्न सकिन्छ (न्यौपाने, सन् २०२२, पृ. २८)। यो आधारमा हेर्दा कोपिला र अशेष आर्यमूलका छेत्री वंशका नेपाली प्रजाति भएको कुरा उपन्यासको यस अशंले पुष्टि गरेको छ–

श्री कान्छा सुतार बालाई हाम्रो कम्पनीको तर्फबाट नमस्कार छ। आज तपाइँ र तपाइँको परिवारलाई दुःखको समाचार पठाउनुपर्दा हाम्रो कम्पनीलाई भारी दुःख लागेको छ। तपाइँको छोरो अशेष कार्की विगत १२ वर्षदेखि हाम्रो साउदी अरेबियन ओइल कम्पनीमा काम गर्दागर्दै सिनियर फोरम्यान पोस्टमा पुग्नुभएकोमा यही अप्रिल २३ तारिकका दिन भएको देशमाथिको भीषण हवाई आक्रमणको क्रममा शत्रुको बमबारीमा परी अन्य दुई हजार निर्दोष कामदार र नागरिकसँगै उहाँको रियाध न्याशनल हस्पिटलमा देहान्त हुन गयो। सबैभन्दा गहिरो दुःखमा पर्नुभएकी अशेषकी पत्नी कोपिलाप्रति हार्दिक समवेदना प्रकट गर्दछौँ (पृ. १९)।

उपर्युक्त उपन्यासको अंशमा उपन्यासका प्रमुख पात्र अशेष कार्की, उसकी पत्नी कोपिला र सहायक पात्र कान्छा सुतारजस्ता पात्रहरूको जातीय पहिचान प्रस्तुत गरिएको छ । यस आधारबाट अशेष, उसकी श्रीमती कोपिला र सुतार कान्छो आर्यमूलका छेत्री वंशका नेपाली प्रजाति हुन्। हिन्दु वर्णाश्रम व्यवस्थाअनुसार छेत्रीको वंशपरम्परा युद्धसँग सम्बद्ध रहेको छ । यद्यपि अशेषले युद्धभूमिमा शत्रुहरूको सामना गर्दागर्दै वीरगति प्राप्त गरेको होइन, तर ऊ अफिसियल जिम्मेवारीमा रहेका बेला उसको मृत्यु भएकाले उसले कम्पनीको तर्फबाट सम्मान प्राप्त गरेको छ । त्यस्तै पुरानै जमानामा दार्जिलिङ नुन खेप्न जाँदा भागेर मुगलान पुगेको, तीन वर्षसम्म त्यहाँ अनेकौँ हण्डर र ठक्कर खाएर पुनः पुरानै स्थानमा फर्किएको सुतार कान्छो पनि जातीय आधारमा आर्य मूलको नेपाली जाति हो।

बि. एसम्म पढेको अशेष नेपालमा रोजागारीका कुनै अवसर नपाउँदा कतार जान बाध्य बनेको छ। कोपिलाको बैँसालु मायामा बाँधिएको अशेषले साथीभाइलाई साक्षी राखेर साङ्केतिक बिहे गरेर एक वर्षसम्म जागिर खोज्दा पनि पाउन सक्दैन । भुटानी शरणार्थीको नक्कली भिसा बनाएर अमेरिका जान खोज्छ। तर पैसाको अभावले बाधा खडा गर्दा ऊ साउदी रोज्न पुग्छ। यसरी अशेष राज्यको अकर्मन्यताका कारण स्वदेशमा जीवन धान्ने अवसर प्राप्त नहुँदा गाँस, बास र कपासजस्ता भौतिक वस्तुको खोजीमा अर्काको भूमिमा रगतपसिना बगाउने विश्वमानव समुदायको नेपाली प्रजाति हो। यस कुरालाई उपन्यासको यस अंशले पुष्टि गरेको छ–

बाबुआमा अति बृद्ध छन् । अन्त्यमा घरबाट बिदा लिएपछिअशेष दम्पतीले ओयाम गाउँको तल नदी किनारमा पुगेर महादेशस्थानको दर्शन र पूजा गरे अनि बिदा भएर काठमाडौँ प्रस्थान गरे । भोलिपल्ट भद्रपुरबाट काठमाडौँ उडे । कोपिलाले पनि पहिलोपल्ट हवाईजहाज चढेको रोमाञ्च र भय मिश्रित त्यो अनुभव लिई। भोलिपल्ट त्रिभुवन एयरपोर्ट पुगे । त्यहाँ फूलमाला लाउने खादा भिरेर सुटवे ाेस डोऱ्याउनेहरूको लामो न लामो ताँती थियो । एउटा खैरो सुटकेस डोऱ्याउँदै अशेष पनि साउदीको हारमा मिसियो (पृ. ४४) ।

देश अकर्मन्यताको खाडलमा भासिएको छ । रोजागारीको अभाव, भविष्यप्रतिको असुरक्षा आदि कारणले देशका अधिकांश युवाहरू विदेश जाने परम्परा आजको संस्कृति बनेको छ। विश्व भूगोल साँगुरिँदै गएको, भौगोलिक सीमाहरू धमिलिएको वर्तमान अवस्थामा वैदेशिक रोजगारीका सिलसिलामा कुनै पनि देशको श्रमिक विश्व श्रमिक बन्न पुगेको छ। यसरी वैदेशिक रोजगारीमा जाने हरेक नेपालीलाई पत्नी र परिवारका निकटतम सदस्यले सुटकेस ठेल्दै एयरपोर्टसम्म पुऱ्याउनु, निधारमा टीका, घाँटीमा माला र खादा पहिऱ्याउनु नेपाली संस्कृति हो । अशेष पनि यही संस्कार र संस्कृतिलाई निरन्तरता दिँदै साउदी जानेहरूका भिडमा मिसिएको छ। यसले उसलाई नेपाली प्रजातिका रूपमा चिनाएको छ।

कठोर परिश्रम र मेहनती संस्कृति बोकेको अशेष साउदीको तेलखानीमा काम गर्न पुग्छ। अर्काको देश, त्यहाँको श्रमिक ऐन आदि विविध कारणले बिदा नपाएर अशेष घर फर्कन पाएको हुँदैन। संसार यसैबेला कोरोना महामारीको चपेटामा फस्छ। कोरोनाकै कारण अशेषकी आमाको मृत्य भए तापनि अशेष आमाको मृत्युसंस्कार गर्नसमेत स्वदेश फर्कन सक्दैन। त्यसको चार वर्षपछि फर्केको अशेषले तीन महिनाको नेपाल बसाइमा न कोरोनाले मरेकी आमाका चाहना के थियो भन्ने बुझ्न पाउँछ न कोपिलाको सपना के छ त्यो नै बुझ्न पाउँछ। ऊ जागिर बचाउन मुगलान फर्कन बाध्य हुन्छ। मान्छे विश्वका जुनसुकै स्थानमा पुगोस् उसले आफ्ना पदचिह्नका छापहरू छाड्दै जान्छ। अर्थात् आफ्ना जन्मेदेखिका रहनसहन, चालचलन र संस्कृति बिर्सेको हुँदैन। त्यसैले साउदीमा पुगेको अशेषले मेहनती र सहनशील नेपाली संस्कार बिर्सेको छैन। त्यसैले ऊ पुरानो मुगलान परम्पराको नयाँ स्वरूप बोकेको नेपाली प्रजाति हो।

उपन्यासमा मुख्य नारी पात्रको भूमिकामा रहेकी कोपिला जात, संस्कार, संस्कृति र शारीरिक बनोटले विश्व मानव समुदायकी हिन्दु प्रजातिकी नेपाली नारी हो। तेनले प्रजातिलाई सहज र वंशानुगत गुणका रूपमा परिभाषित गर्दै यसलाई मानिसले जन्मजात रूपमा लिएर आएको हुन्छ भनेका छन्। प्रजातिलाई उनले सामूहिक सांस्कृतिक प्रवृत्तिका रूपमा लिँदै यसले सबैलाई परम्परामा आबद्ध गराएर आफ्नो संस्कार, संस्कृति र विश्वासको अनुशरण गरिरहेको हुन्छ भनेका छन् (गुरुङ, २०८०, पृ. ४०)। तेनको प्रजातिगत यो मान्यताका आधारमा कोपिला हिन्दु संस्कारमा बाँचेकी नारी हुनाले ऊ हिन्दु परम्पराअनुरूप मन्दिरमा गएर ईश्वरलाई साक्षी राखेर बैवाहिक सम्बन्धमा बाँधिएकी छ। देशमा उचित रोजगारीको अवसर नपाएका कारण विदेशिन बाध्य श्रीमान्लाई अन्तराष्ट्रिय जहाज चढाएर भक्कानिएकी कोपिला आँसु लुकाएर हाँस्न विवश नेपाली नारी हो । उसको पीडा र दर्दलाई उपन्यासमा यसरी व्यक्त गरिएको छ 'एउटा खैरो सुट्केस डोऱ्याउँदै अशेष साउदीको हारमा मिसिएर अदृश्य भएपछि आँसुमात्र बोकेर कोपिला फर्की' (पृ. ४४)। उसले हिन्दु परम्पाराअनुसार विवाहपछि श्रीमान्को घरलाई आफ्नो कर्म स्थल मानेर उसको अनुपस्थितिमा पनि सासूससुराको सेवामा समर्पित रहनाका साथै सासूको मृत्युपछि ससुराको समेत हेरचाह र पालनपोषण गरेर नेपाली बुहारीको भूमिका निर्वाह गरेकी छ। श्रीमान्, सासूससुरा

तथा नन्दप्रतिको कर्तव्य पालना गर्ने कोपिलामा एकातिर परम्परागत नेपाली संस्कार तथा संस्कृतिगत छाप पाइन्छ भने अर्कातिर ऊ जीवनको आशावादी दृष्टिकोण बोकेकी, परिवर्तित समयसँगै आफूलाई ढाल्न सक्ने नेपाली हो। कोपिलाको वंशपरम्परा, उसका संस्कारगत विशेषता, सांस्कृतिक गतिविधि आदिले उसलाई विश्वमानव समुदायकी आर्यमूलकी र हिन्दु समाजअन्तर्गत छेत्री वंश परम्पराकी नेपाली प्रजाति हो भन्ने कुरा उपन्यासका विभिन्न साक्ष्यले पुष्टि गरेका छन्।

प्रस्तुत उपन्यासका प्रमुख पात्र अशेष र कोपिलाको कथावस्तुलाई गति प्रदान गर्न आएका सहायक तथा गौण पात्रहरूका रूपमा रहेका अशेषका बाआमा, उसकी बहिनी, कोपिलाकी फुपू अलोनिया र कोपिलाको दोस्रो प्रेमी शिवम् आदिमा पनि अशेष र कोपिलाझैँ आर्यमूलका पदचिह्न तथा सामाजिक सांस्कृतिक विशेषताहरू विद्यमान रहेका कारण उक्त पात्रहरू पनि नेपाली प्रजाति हुन्।

यसरी प्रजातिगत आधारमा प्रस्तुत उपन्यासका प्रमुख र सहायक पात्रहरूका जातीय परम्परा, तिनले अनुशरण गर्ने संस्कार र संस्कृति, व्यावहारिक जीवनका विविध पक्ष, तिनका शारीरिक बनावट, वंशानुगत स्वभाव तथा तिनको भाषिक प्रयोग आदिका आधारमा उक्त पात्रहरू विश्वमानव समुदायका आर्य मूलका नेपाली प्रजाति भएको पुष्टि हुन्छ।

क्षणका आधारमा नयाँ मुगलान उपन्यासको विश्लेषण

नयाँ मुगलान उपन्यासमा बीसौँ शताब्दीको अन्तिम क्षणको सङ्केत गर्दै मूलतः एक्काइसौँ शताब्दीको युगीन समयलाई क्षणका रूपमा प्रस्तुत गरिएको छ। तेनले हरेक महान् साहित्यकारले आफ्ना कृतिमा आफू बाँचेको युगको युगीन सन्दर्भलाई प्रतिबिम्बित गर्ने बताएका छन् (पाण्डेय, सन् २००६, पृ.१२८)। यस उपन्यासमा नेपाली समाजका रीतिस्थिति र परम्परा प्रस्तुत गर्दै वैदेशिक रोजगारीका कारण निम्त्याइएका सामाजिक यथार्थलाई औपन्यासिक समस्याका रूपमा प्रस्तुत गरिएको छ। मुगलान जाने परम्परा नेपाली समाजको पुरानो परम्परा हो। अतीतको मुगलान ह्लासा, भोट, सिक्किम, मनिपुर र बर्माजस्ता निकटतम देशहरूमै सीमित थियो। यो परम्परा प्रस्तुत गर्ने क्रममा नुन खेप्न दार्जिलिङ पुगेको ठुले र कान्छो सुतार साथीभाइ छाडेर मुगलान पसेको कुरा उपन्यासमा यसप्रकारले व्यक्त गरिएको छ–

च्याङ्थापुको कालीडाँडाबाट यसपालि नुनतेल र बर्खे सामान एकैचोटि किन्न गाउँ नै उल्टेर आएको थियो। ...सबैले मालसामान किने, सौदा गरेर घर फिर्ने बेला भयो, तर ठुले र कान्छो सुतार आएनन्। घर गोठ गरेर आनन्दमा डुबेर खाएका र बैँसले मात्तिएका यी केटाहरूको मन मुगलानको रङ्गीचङ्गी देखेर यसपालि अडिएन। त्यसैले घिउका टिन दार्जिलिङमा बेचेर नुन बोकेर घर जान बिर्सेर तिनीहरू सिलगढी जाने ट्रकमा चढेर रेलको छुक्छुक् आवाज सुन्दै मुगलानतिर झरे (पृ. ५०–५१)।

उपन्यासको उपर्युक्त अंशले अतीतको मुगलान पस्ने तरिका प्रस्तुत गरेको छ। यसले साठी वर्ष अगाडिको नेपाली समाजको अवस्था, जीवनशैली र मानिसको आर्थिक सामाजिक संस्कृतिलाई झल्काएको छ। यसले बीसौँ शताब्दीको अन्तिम चरणलाई सङ्केत गर्दै अतीतमा मुगलान सीमित भूगोलमा कायम थियो भन्ने देखाउँदै नेपालीको परम्परागत मुगलान संस्कृति झल्काएको छ। यसले ६०–७० वर्ष अगाडिको नेपाली समाजको स्वरूप क्षणका रूपमा प्रस्तुत गरेको छ।

साठीवर्ष अघिकी ओडारभित्रकी आमाको कथा सन्दर्भले उपन्यासमा बीसौँ शताब्दीको अन्तिम क्षणको नेपाली समाज, त्यसभित्रका निम्न वर्गीय जीवनपद्धति, त्यसबेलाका बाध्यता, विवशता, गाँस, बास, कपास र शैक्षिक अवसरको खोजीमा पैतृक थलो छाडेर बसाइँ सर्न नयाँ बासस्थानको तर्जुमा मिलाउँदा आइपर्ने अनेकौँ कठिनाइ उपन्यासको यस अंशले प्रस्तुत गरेको छ–

यहीँबाट देखिने ऊ त्यो सिम्ले भन्ने बैँसीको सिरानमा एउटा विशाल ओडार छ। त्यही ओडारमा ६०–७० वर्षअघि ती आमै बस्थिन् अरे। आफ्ना साना नानीहरूसँग एक्लै। त्यस्तोमा ती आमै तीन वर्ष बसिन् अरे एक्लै परम एक्लै। दिनभरि नानीहरू बोक्तै घिस्याउँदै वरिपरिको खेतबारीमा काम गर्दै। ...रातभरि हावा बतासम्म छेक्ने केही बार विनाको ओडारमा दाउरा बालेर, आगो धुवाँएर, हातमा एउटा खुकुरीसँग, अरू कोही थिएनन्, तीन लालाबालाबाहेक। तर मनमा पण्डित बा हुनुहुन्थ्यो। नाम्रेक गाउँको घरबारी बेचेर मधेश झरेका। हुर्केका छोराछोरी पढाउन, खेती खोज्न,

नयाँ जीवन बसाउन– त्यो गर्मीमा यो अनकन्टारमा, अन्धकारमा, साठीवर्ष अघि । तीन वर्षपछि ती परिवारको पुनर्मिलन भयो अरे (पृ.७३) ।

औपन्यासिक क्षणका रूपमा आएको उपर्युक्त अंशले तत्कालीन नेपाली समाजको निम्न वर्गीय अवस्था प्रस्तुत गरेको छ। यसमा समाजको सरलपन, नारीका विवशता र बाध्यता, तिनको साहसीपन, श्रीमान्प्रतिको भरोसा, आगो र खुकुरीको शक्तिजस्ता कुरा देखाइएको छ। उपन्यासको यस अंशले औपन्यासिक क्षणका रूपमा ६०–७० वर्ष अगाडिको पहाडिया नेपाली समाजभित्रको सामाजिक र सांस्कृतिक स्वरूप प्रस्तुत गरेको छ।

वर्तमान समयमा मुगलान शब्दको अर्थ विस्तार भएको छ। विश्वग्रामीकरणका कारण आज कुनै पनि देशका नागरिक विश्व श्रमिक बन्न सक्छन् । प्रस्तुत उपन्यासमा पृष्ठभूमिका रूपमा अतीतको मुगलान परम्पराको सन्दर्भ प्रस्तुत गर्दै वर्तमानको युगीन मुगलान परम्परा र त्यसले नेपाली जनजीवनमा पारेका असरलाई विषयगत रूपमा प्रस्तुत गरिएको छ। यो उपन्यासमा आएका विभिन्न घटना प्रसङ्गले नेपालीका अतीतका मुगलान पसाइको स्वरूपमा परिवर्तन आएको कुरा प्रस्तुत गरेका छन् । अलोनियाको इजरायल बसाइ, बरालका छोराको कतारबाट बाकसमा लास आएको प्रसङ्ग र भुटानी शरणार्थीको नक्कली भिसा बनाएर अमेरिका उड्ने अशेषको असफल प्रयास, अशेषको साउदी बसाइ, कोरोना महामारीले आमाको मृत्युमा समेत स्वदेश फर्कन नपाएको प्रसङ्ग आदि उपन्यासका वर्तमान क्षणका मुगलाने जीवनका स्वरूप प्रतिबिम्बन गर्ने आधार हुन् । साउदी अरबको आयल कम्पनीमा काम गर्ने सुतार पुत्र अशेषको भीषण हवाई आक्रमणमा परेर मृत्यु भएको प्रसङ्ग भर्खरैको घटना हो। यसले वर्तमान समयलाई सङ्केत गरेको कुरा अरेवियन आइल कम्पनीबाट कान्छा सुतारका नाममा आएको चिठीको यस अंशले पुष्टि गर्छ–

तपाइँको छोरा अशेष कार्की विगत १२ वर्षदेखि हाम्रो साउदी अरेवियन आइल कम्पनीमा काम गर्दागर्दै सिनियर फोरम्यान पोस्टमा पुग्नुभएकोमा यही अप्रिल २३ तारिखका दिन भएको देशमाथिको भीषण हवाई आक्रमणको क्रममा शत्रुको बमबारीमा परी अन्य दुई हजार निर्दोष कामदार र नागरिकसँगै उहाँको रियाध न्यासनल हस्पिटलमा देहान्त हुन गयो (पृ. १९) ।

प्रस्तुत कथनले वर्तमान युगीन सन्दर्भलाई सङ्केत गर्दै वैदेशिक रोजगारी र त्यसले मानव जीवनमा ल्याएका उतारचढाव प्रस्तुत गरेको छ। यो क्रममा साउदीको हवाई आक्रमणमा अशेषले ज्यान गुमाएको प्रसङ्गले रोजागरीको खोजीमा खाडी मुलुक पुगेका नेपाली युवाहरू अन्तर्राष्ट्रिय जगत्मा दैनिक रूपमा हुने गरेका विनाशकारी युद्धको चपेटामा परेर मृत्युवरण गरी बाकसमा आउने तिनका लासले परिवारजनमा छाएको निराशा प्रस्तुत गरेको छ । यस्ता घटनाहरू वर्तमान जीवनका युगीन सन्दर्भ बनेर उपन्यासमा क्षणका रूपमा आएका छन् ।

अशेषको मृत्युपछि एकल जीवन बिताउन विवश बनेकी कोपिलाका काँधमा ससुराको जिम्मेवारी पनि आएको छ । ससुरालाई चितुवाले आक्रमण गरेर ज्यान लिएपछि त्यस निर्जन गाउँमा कोपिला नित्तान्त एक्ली बन्छे। आफ्नो जिम्मेवारी र दायित्व केही पनि बाँकी नरहेको त्यस ठाउँमा उसको जीवनले गति पाउने र भविष्यका सम्भावना खोज्ने कुनै उपाय देखिन। आशावादी सोच बोकेकी कोपिलाले बाँकी जीवननिर्वाहका लागि सम्भावनाका ढोकाहरूको खोजी गर्न थाल्छे। ऊ त्यो स्थानको स्मरणलाई जलाएर नयाँ सम्भावनाको खोजीमा दमक फुपूको घरमा पुग्छे। उनीसँगै बस्दै जाँदा विभिन्न धार्मिक सम्प्रदायले उसलाई फकाउन र बहकाउन खोज्नुजस्ता घटना उपन्यासमा वर्तमान क्षणका रूपमा आएका छन्। समय बित्दै जाँदा वैदेशिक रोजगारीमा गएका बेला अर्कैसँग श्रीमती पोइला गएर एक्लै भएको अटो ड्राइभर शिवम्सँग कोपिलाको भेट हुन्छ। उनीहरूका समस्या लगभग समान भएकाले कोपिला शिवम्सँग मिलेर नयाँ जीवन सुरुवात गर्ने निर्णयमा पुग्छे। उसको यो विचार उपन्यासमा यसप्रकारले व्यक्त गरिएको छ – कोपिलाको अन्तर्मनले पुकारा गरिरहेको छ–एउटा माया चाहिने रहेछ, एउटा भरोसा र एउटा तृप्ति जसमा भविष्य अडेसा लाग्न सकोस् (पृ. ११३) । उपन्यासको यो अंशले एकल नारीले पुनर्विवाह गरेर नयाँ जीवनको आरम्भ गर्न थालेको नयाँ संस्कृतियुक्त नेपाली समाजको स्वरूप प्रस्तुत गरेको छ। यसले नेपाली समाजको बदलिँदो समयको वर्तमान क्षणलाई सङ्केत गरेको छ।

युक्रेन तथा रसियाको युद्ध हुनु र रसियाले विभिन्न खालका श्रमिक तथा सिपाहीको माग गर्नुले कोपिलाको नयाँ पथतिर उन्मुख जीवनलाई प्रभाव पार्छ। उसको हुनेवाला जीवनसाथी शिवम्‌लाई दलालले अनेक किसिमले वैदेशिक रोजगारीमा जान आकर्षित गर्छन्। त्यही दलालको भर परेर शिवम् र कोपिला ड्राइभर र हाउस मेडका कोटामा रसिया जान तयार भएको कुरा उपन्यासमा समसामयिक क्षण बनेर यसरी व्यक्त भएको छ–

रसिया अथवा युक्रेन जानेको भर्ती खुल्यो। माथि मन्त्रीसम्म लागेर भिसा बनाइदिन्छन् भन्थे। शिवम्‌ले आफ्नो नाम टिपायो ड्राइभरमा, कोपिलाको नाम चढ्यो हाउस मेडमा। एकै ठाउँमा काम मिल्ने भए दुवै जाने नत्र एक्लै नजाने सर्त सुनाए। एजेन्टले ग्यारेन्टी दियो, मिलाइदिने भयो। उनीहरूले फाराम भरे, ल्याप्चे लाए, हस्ताक्षर गरे (पृ.१२२)।

उपन्यासको उपर्युक्त अंशले रसिया र युक्रेनको युद्धको सन्दर्भ ल्याएर वर्तमान युग जीवनका तत्कालीन क्षणलाई प्रस्तुत गरेको छ। यसले नेपालीहरूको नयाँ मुगलाने परिवेशको वैश्विक स्वरूप प्रतिबिम्बित गर्दै विश्व ग्रामीकरणको अवधारणा प्रस्तुत गरेको छ। विश्वको एक स्थानमा भएको घटनाको प्रभाव संसारभर फैलिएको, त्यसले राष्ट्रलाई वा समाजलाई मात्र नभएर व्यक्तिलाई समेत प्रभाव पारेको छ। उपन्यासले मानवताशून्य बन्दै गएको युगीन सन्दर्भलाई राज्यका नागरिकको जिम्मेवारी बोकेका मन्त्रीसमेतले सर्वसाधारण जनतामाथि भ्रमको खेती गरेर फ्रि भिसा लगाइदिने प्रलोभन देखाएर वैदेशिक रोजगारीमा पठाएर अलपत्र पारेको प्रसङ्ग प्रस्ट पारिएको छ। यस्तो संवेदनारहित परिस्थितिलाई औपन्यासिक क्षणका रूपमा देखाइएको छ।

दुई महिनापछि फुपूलाई दलालमार्फत कोपिला र शिवम् रसिया पुगेको खबर आए पनि त्यो खबर आधिकारिक हो वा होइन पुष्टि गर्ने कुनै आधार देखिँदैन। आफूभन्दा २८ गुना शक्तिशाली रुससँग युक्रेन लडिरहेका बेलामा मासिक चार लाख रूपियाँ भित्रिने गरी युक्रेनमा नेपालीहरू भर्ती लागेको समाचार आए पनि को कताबाट कसरी युक्रेन जाँदैछन् भन्ने कुरा अन्योलको विषय बनेको छ। त्यसैगरी युक्रेन युद्धमा कति नेपाली मारिए, कतिलाई रुसी सेनाद्वारा बन्धक बनाइयो भन्ने खबर समाचार माध्यमबाट आइरहँदा कोपिला र शिवम् सम्पर्कविहीन हुनुजस्ता घटनाले वर्तमान समयको अन्योलपूर्ण यथार्थ प्रस्तुत गरेको छ।

यसरी विवेच्य उपन्यासमा नेपालीहरूको काम र मामको खोजीमा गाउँबाट सहर र पहाडबाट मधेश बसाइँ सर्ने परम्परा देखाइएको छ। अतीतका नेपालीहरू सीमित स्थानमा मुगलान जाने गर्थे भने वर्तमानमा नेपालीहरू विभिन्न प्रयोजनले विश्वका विभिन्न भागमा पुगेका छन्। अतीतदेखि वर्तमान विश्वग्रामीकरणको अवधारणा विकास भएपछिको ग्लोबल मुगलानका वैश्विक परिवेश औपन्यासिक क्षणका रूपमा आएका छन्। त्यस्तै रसिया र युक्रेनको युद्ध प्रसङ्गले समसामयिकता प्रस्तुत गरेको छ। अतः प्रस्तुत उपन्यासमा बिसौँ शताब्दीको अन्तिम समयको पृष्ठभूमिमा वर्तमान एक्काइसौँ शताब्दीका युगीन गतिविधि क्षण बनेर प्रस्तुत भएका छन्।

परिवेशका आधारमा नयाँ मुगलान उपन्यासको विश्लेषण

नयाँ मुगलान उपन्यासमा पृष्ठभूमिका रूपमा ६०–७० वर्ष अघिको नेपाली समाजको परम्परागत सामाजिक तथा सांस्कृतिक परिवेश प्रस्तुत गरिएको छ। तर सिङ्गो उपन्यास वर्तमान एक्काइसौँ शताब्दीको विश्वग्रामीकरणले ल्याएको नयाँ सांस्कृतिक परिवेश र त्यसले नेपाली समाजमा पारेको प्रभावमा आधारित छ। स्थानगत रूपमा यो उपन्यासमा पाँचथर जिल्लाको च्याङ्‌थापु, सिमलडाँडा हालको सेल्फीचोक, फिदिम, झापाको दमक, भद्रपुर, काठमाडौँको त्रिभुवन विमानस्थल, कोटेश्वर, भारतको राजस्थान, सिक्किम, बर्मा, ल्हासा, साउदी, कोरिया, इजरायल, रुस, युक्रेन, युरोप अमेरिकाजस्ता स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशहरू प्रस्तुत गरिएका छन्। पृष्ठभूमिमा ६०–७० वर्ष अगाडिका घटनाहरू ल्याएर यो उपन्यासमा बीसौँ शताब्दीको अन्तिम समयलाई प्रस्तुत गरिएको छ। तर उपन्यासको कथावस्तु, पात्रहरूका गतिविधि आदिका आधारमा समयगत रूपमा यस उपन्यासमा एक्काइसौँ शताब्दीको परिवेश प्रस्तुत गरिएको छ। विश्वग्रामीकरण, भौगोलिक सीमा सङ्कुचन र समयगत सीमाको खुलापन

आदि विशेषता मूलतः वर्तमान समयका युगसन्दर्भ हुन्। तिनै युगसन्दर्भलाई यस उपन्यासले परिवेशगत रूपमा लिएको छ। आज कुनै एक गाँउको श्रमिक वैश्विक श्रमिक बनेर विश्वका कुनाकुनामा गएर रोजगारी गर्छ। राम्रैसँग आय आर्जन गरेर एकातिर देशमा रेमिट्यान्स भित्र्याउँछ भने अर्कातिर यसले गाउँ युवाविहीन बनेको छ । त्यस्तै गाउँबाट सहरतर्फ बसाइँ गर्ने क्रम पनि बढ्दो छ। यसले गाउँलाई बस्तीविहीन र उजाड बनाएको परिवेश कथासूत्र बनेर उपन्यासमा यसरी प्रस्तुत गरिएको छ – बेलुकातिर भएका गाउँलेहरू भेला भए। धेरै छैनन्, त्यही दश बाह्र घर। अरू पचास साठी घर छन्, ताला लगाइएका अथवा रित्ता ह्वाङ्गै रित्ता (पृ.२०) । यसले सुविधाको खोजीमा मानिस गाउँ छाडेर सहरतिर बसाइँ सर्ने क्रम बढ्दै गएको तथ्य पुष्टि गर्छ।

युवाशक्तिको विदेश पलायनका कारण गाउँ, सहर र देश रित्तो भएको छ। यसले एकातिर मान्छेको क्रयशक्ति वृद्धि गरेको छ, अर्कातिर फेसन र खर्च गराइ बढेको छ। संस्कार, संस्कृतिले विकृत रूप लिँदै आडम्बर र देखावटीपन बढाएका छन्। बैबाहिक संस्कृतिले फेसन सो र विकृतिक स्वरूप ग्रहण गरेको कुरा बस्ताकोटीकी छोरी अलोनियाको बिहेको समाचारले गाँउ तताएको घटनाले देखाएको छ। अलोनियाकी आमाले विवाहको निम्तो गर्दै भनेकी छन्– बाँसका भकारी, सेउलाका छहारी केही होइन, दमकको एक नं. पार्टी प्यालेसमा हाम्री छोरीको बिहे हुन्छ। पालाको पैँचो सबै आइदिनुपर्छ (पृ. ३६)। यस्तो विकृति एउटा घरमा मात्र होइन, यसले टोलछिमेका गाउँसहर सबैतिर ढाकेको छ। यो कुरा अलोनियाको बिहेमा बस्ताकोटीकी छिमेकी बुहारीले बिहाका लागि श्रीमान्सँग गरेको खर्चको मागले देखाएको छ–

सुन्नुहोस् त मलाई कम्तीमा पाँचओटा सारी र चुरा सेट चाहिने भो सपिङ कहिले जाने हो ? ...अब आफैँ हेर न, तिम्रा मामामाइजूका घरमा त्यत्रो निम्ता छ। आफ्ना मामाकी छोरी तिम्री बहिनीको बिहे फेरि आउँदैन नि। आफैँ बुझ न, कुरा छिन्नो दिन एक सेट सारी चोलो, त्यसपछि मेहेन्दीमा पच्चीसओटी साथीले हरिया किन्नुपर्ने अर्कै सेट। फेरि हल्दी आउँदछ; त्यसमा पच्चीस–तीस आफन्तले पहेँलो सेट। बिहेका दिन गोडा धुँदा अर्कै चाहियो। फेरि पार्टीका दिन त त्यो लाउनै भएन। झन फेसनको चल्तीको चाहियो (पृ. ३६)।

उपन्यासको उपर्युक्त अंशले वर्तमान एक्काइसौँ शताब्दीको नेपाली समाजको विकृतजन्य परिवेश प्रतिबिम्बन गरेको छ। यसमा पुँजीवादले ल्याएको बढ्दो तडकभडक र फेसनका कारण समाजमा संस्कारजन्य विकृति बढ्दै गएको तथ्य प्रस्तुत गरिएको छ । समाजमा चाडपर्व र संस्कृतिका परम्परित मूल्यमान्यताले विकृतिको रूप लिन थालेका छन् । यसले समाजमा परम्परागत संस्कृतिको अनुशरण गर्ने र आर्थिक सञ्चयन गर्ने नेपाली परम्परागत मान्यता नवपुस्तामा हराउँदै गएको युगीन सन्दर्भ प्रस्तुत गरेको छ।

पुँजीवाद र प्रविधि संस्कृतिको विकासले मान्छेमा मानवता हराएकाले ऊ विवेकशून्य बन्दै गएको छ। छोराले वा श्रीमान्ले विदेशमा ज्यान जोखिममा राखेर कमाएको पैसा घरमा पठाउँछन्। परिवार त्यसले मस्ती गर्छन्। घरको सदस्यको लासको बाकससँगै आउने बिमा र अन्य सुविधा र क्षतिपूर्तिस्वरूप भित्रिएको पैसामा अन्य सदस्यहरूको स्वार्थअनुकूल खर्च गर्न होडबाजी चल्छ। मान्छेमा विकसित बन्दै गएको यसप्रकारको संवेदनहीनता बरालको पुत्रको विदेशमा मृत्यु हुँदा त्यसको क्षतिपूर्तिमा आएको रकममा आँखा गाडेका पुरोहितदेखि घरपरिवारका सदस्यका संवादले पुष्टि गरेको छ (पृ. ३२, ३३)। यसले आजको समाज कता जाँदैछ भन्ने कुरालाई राम्ररी सङ्केत गरेको छ।

साहित्य समाजको दर्पण हो। यसमा लेखक बाँचेको समाजको युगीन सन्दर्भ आएको हुन्छ। तेनका अनुसार दुनियाँमा मान्छे एक्लो हुँदैन, उसको चारैतिर प्रकृति र समाज हुन्छ। उसको प्राकृतिक प्रवृत्ति र प्रजातिगत गुण, भौतिक तथा सामाजिक परिस्थिति र घटना आदिबाट ऊ प्रभावित हुन्छ (पाण्डेय, सन् २००६, पृ.१२५)। यस आधारमा विवेच्य उपन्यासमा लेखक बाँचेको वर्तमान नेपाली समाज र परिवेश ऐना बनेर प्रस्तुत भएको छ। यो उपन्यासमा वर्णित घटनासन्दर्भले वर्तमान समयको बदलिँदो परिस्थितिको सामाजिक परिवेश प्रस्तुत गरेको छ।

निष्कर्ष

नयाँ मुगलान उपन्यास सामाजिक यथार्थवादी उपन्यास हो । यसमा विश्वग्रामीकरणका कारण विश्वको भौगोलिक दुरी खुम्चिएर मानवीय सुखदुःख साझा भएको युगीन यथार्थ प्रस्तुत गरिएको छ। प्रस्तुत उपन्यासमा विभिन्न भौतिक सुविधाको खोजीमा विश्वका विविध भागमा पुगी वैश्विक श्रमिक बनेको आजको मानिसले त्यहीँका भौतिक सुखसुविधामा रमेर वा वाध्यतामा परी मातृभूमि बिर्सेका कारण विश्वका तेस्रो मुलुक युवाशक्तिविहीन बनेको सामाजिक यथार्थ प्रस्तुत गरिएको छ। विवेच्य उपन्यासमा नेपालीहरू काम र मामको खोजीमा सीमित स्थानमा मुगलान पस्ने प्राचीन परम्परादेखि वर्तमान विश्वग्रामीकरणको विकास भएपछिको ग्लोबल मुगलानका वैश्विक परिवेश औपन्यासिक क्षणका रूपमा आएका छन्। त्यस्तै रसिया र युक्रेनको युद्ध प्रसङ्गले समसामयिकता प्रस्तुत गरेको छ । अतः प्रस्तुत उपन्यासमा बिसौँ शताब्दीको अन्तिम समयको पृष्ठभूमिमा वर्तमान एक्काइसौँ शताब्दीका युगीन गतिविधि क्षण बनेर प्रस्तुत भएका छन्। नयाँ मुगलान उपन्यासमा पृष्ठभूमिका रूपमा ६०–७० वर्ष अघिको परम्परागत मुगलाने परिवेश भए पनि सिङ्गो उपन्यास एक्काइसौँ शताब्दीको विश्वग्रामीकरणले ल्याएको नयाँ मुगलाने परिवेश र त्यसले नेपाली समाजमा पारेको प्रभावजन्य परिवेशमा आधारित छ । उपन्यासमा नेपालीहरू भौतिक सुविधाको खोजीमा गाउँबाट सहर तथा पहाडबाट मधेश बसाइँ सर्ने परम्परा देखाइएको छ। अतीतका नेपालीहरू सीमित स्थानमा मुगलान जाने गर्थे तर वर्तमान समयमा तिनीहरू विभिन्न प्रयोजनले विश्वका विभिन्न भागमा पुग्ने गरेका छन् । युवाशक्तिको विदेश पलायनका कारण गाउँ, सहर र देश रित्ता भएका छन् । अतीतको नेपाली मुगलाने प्रवृत्तिलाई साङ्केतिक पृष्ठभूमि बनाएर लेखिएको विवेच्य उपन्यासमा विभिन्न उद्देश्यले विदेशी भूमिमा पुगेका नेपाली पात्रको मनोदशाको यथार्थ चित्रण गरिएको छ। अलोनियाको इजारायल सन्दर्भ, उसका बिबाहमा तातेको ग्रामीण परिवेश, कोपिलाको जीवनको निकासा खोज्ने नयाँ कदममा सहभागी बनेर आएको शिवम्, युक्रेन र रसियाको युद्ध प्रसङ्ग, कोपिला र शिवम्को युक्रेन प्रस्थान आदि लेखक बाँचेका युगीन परिवेश हुन्। यसरी नयाँ मुगलान उपन्यासमा विश्वमानव समुदायका आर्यमूलका नेपाली प्रजातिहरूले भोगेको बिसौँ शताब्दीको आखिरी समय र वर्तमान एक्काइसौँ शताब्दीका युगीन सन्दर्भहरूद्वारा यस उपन्यासको समाजशास्त्रीय अध्ययनको सान्दर्भिकता पुष्टि हुन्छ।

सन्दर्भ सामग्रीसूची

क्षेत्री, उदय (२०६४). 'समाजशास्त्रीय दृष्टिमा इन्द्रबहादुर राईका आख्यानको अध्ययन'. (अप्रकाशित विद्यारिधि शोधप्रबन्ध). मानविकी तथा सामाजिकशास्त्र सङ्काय. त्रिवि ।

गडतौला, नारायणप्रसाद (२०७४). *समकालीन नेपाली कविताको समाजशास्त्र.* काठमाडौँ : नेपाल प्रज्ञा–प्रतिष्ठान ।

गुरुङ, गौरी (२०८०). 'तमू संस्कृतिको समाजशास्त्रीय अध्ययन'. *समाज अन्वेषण.* १ (२).पृ. ३७–४३ ।

जैन, निर्मला (सन् १९९२). *साहित्यका समाजशास्त्रीय चिन्तन.* (दोस्रो सं.). हरियाण साहित्य अकादमी ।

न्यौपाने, विष्णु (सन् २०२२). 'युद्ध कथामा जाति, क्षण, र पर्यावरण'. *मर्स्याङ्दी जर्नल.* ३/१. पृ.२३–३८) ।

पाण्डेय, मैनेजर (सन् २००६). *साहित्य के समाजशास्त्र की भूमिका.* (तेस्रो सं.). हरियाण : साहित्य अकादमी ।

पाण्डे, शारदा (२०७९). 'श्वेतभैरवी कथाको पर्यावरणीय विश्लेषण'. *अपरा.* पूर्णाङ्क ४. पृ.१०८–११८ ।

पोखेल, गुरुप्रसाद (२०७६). 'माधुरी नानी कथामा प्रजाति, क्षण र परिवेश'. *अपरा.* पूर्णाङ्क ३. पृ. ६६–७७ ।

भट्टराई, गोविन्दराज (२०८१). *नयाँ मुगलान.* काठमाडौँ : पेज टर्नर प्रा. लि ।

श्रेष्ठ, चन्द्रमान (२०७२). 'पारिजातका उपन्यासको समाजशास्त्र'. (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध).मानविकी तथा सामाजिकशास्त्र सङ्काय. त्रिवि ।

Taine, H. A. (1886). History of English Literature (H. Van Laun, Trans.). New York: Henry Holt and Company.